# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १२-२०७९/०८०

मिति २०७९/११/२८ समय: दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७९/११/२८

वैठक संख्याः १२-२०७९/०८०

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. छात्रवृत्ति सम्बन्धमा ।
३. माटो उत्खनन अनुगमन प्रतिवेदन सम्बन्धमा ।
४. अस्पताल र गाउँपालिका भवन जग्गा व्यवस्थापन सम्बन्धमा ।
५. काटीखोला र चापखोलाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा ।
६. जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा खर्च व्यवस्थापन सम्बन्धमा ।
७. राहत सम्बन्धमा ।
८. "घ" वर्ग निर्माण व्यवसायी इजाजत-पत्र दिने सम्बन्धमा ।
९. सार्वजनिक भवन निर्माण गर्ने सम्बन्धमा ।
१०. कालीमाटी डिप बोरिङ्गको भुक्तानी सम्बन्धमा ।
११. प्रशासकीय भवन टायल राख्ने विषयमा समिति गठन सम्बन्धमा ।
१२. हलुका सवारी साधन भाडामा लिने सम्बन्धमा ।
१३. समितिको म्याद थप सम्बन्धमा ।
१४. एम.आई.एस. अपरेटर र फिल्ड सहायकहरुको साझेदारी रकम सम्बन्धमा ।
१५. सुन्तला पकेट क्षेत्र सम्बन्धमा ।
१६. खानेपानी आयोजनाको घर मर्मतको लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।
१७. जिल्ला मालपोत कार्यालयलाई नगद अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
१८. निशुल्क मुटु रोग परीक्षण शिविरमा खर्च भएको भुक्तानी सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७४

निर्णयहरु:

**निर्णय नं. १:** यस अघिका कार्यापालिका वैठकको निर्णयको कार्यान्वयन प्रगतिको समीक्षा गरियो ।

**निर्णय नं. २:** तपसिल अनुसारका विद्यार्थिहरुलाई तपसिल अनुसार छात्रवृत्ति स्वरुप नगद रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना | रकम (रु.) | श्रोत | शैक्षिक संस्था |
|---|---|---|---|---|---|
| १ | नविना गुरुङ | देवघाट – ३ तनहुँ | ३०,०००/- | प्राविधिक शिक्षा अध्ययन | भानुभक्त मल्टिपल टेक्निकल कलेज प्रा.लि., दमौली |
| २ | साया वि.क. | देवघाट – ३ तनहुँ | ३०,०००/- | प्राविधिक शिक्षा अध्ययन | भानुभक्त मल्टिपल टेक्निकल कलेज प्रा.लि., दमौली |
| ३ | रोजिना गुरुङ | देवघाट – ४ तनहुँ | ४०,०००/- | प्राविधिक शिक्षा अध्ययन | श्री माध्यमिक विद्यालय, भरतपुर – ८ चितवन |

**निर्णय नं. ३:** माटो उत्खनन गर्न अनुमती दिइएको परिमाण भन्दा बढी उत्खनन गर्ने प्रस्तावकलाई अनुगमन समितिको प्रतिवेदन अनुसार बढी उत्खनन गरेको परिमाण बराबरको रकम र सो रकममा २५ प्रतिशतका दरले जरिवाना लगाई असुल उपर गर्ने निर्ण गरियो ।

**निर्णय नं. ४:** देवघाट गाउँपालिकामा अस्पताल नरहेकोले एक अस्पताल आवश्यक भई वडा नं. ५ मा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने र उक्त स्थानमा स्वास्थ्य चौकी भवनले चर्चेको तथा कच्ची भवन रहेको सार्जनिक ऐलानी जग्गामा नै अस्पताल बनाउन रकम निकाशा भएकोले बोलपत्र आव्हान गरी ठेक्का लगाई अस्पताल निर्माणको काम भईरहेकोमा उक्त सार्वजनिक/ऐलानी जग्गा गाउँपालिका अस्पतालको नाममा कायम गरिदिन वा लिजमा उपलब्ध गराइदिनको लागि आवश्यक प्रक्रिया अगाडी बढाइदिन जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरी लेखी पठाउने निर्णय गरियो साथै देवघाट – ५ क्यूदीमा रहेको जग्गामा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न उक्त जग्गा गाउँपालिकाको नाममा कायम गरिदिन वा लिजमा उपलब्ध गराइदिन यस अघि पनि निर्णय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाइएकोमा हाल सम्म पनि कुनै कारवाही अगाडी नबढेकोले आवश्यक प्रक्रिया अगाडी बढाइदिन पुन: जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** वडा नं. १, ४ र ५ को शालिग्राम करिडोरमा पर्ने क्रादी खोला र चापखोलाको नदीजन्य पदार्थ उत्खनन गर्नको लागि भएको ठेक्कामा भानु – १ तनहुँको बुलेट कन्स्ट्रक्सन प्रा.लि. ले मू.अ.कर सहित सबैभन्दा बढी १,००,५७,०००/- (एक करोड सन्ताउन्न हजार रुपैया मात्र) कबुल गरेको दोस्रोमा दया श्री कन्स्ट्रक्सन प्रा.लि. ले मू.अ.कर सहित ९३,९९,८००/- (अक्षरुपी त्रियानब्बे लाख उनान्सय हजार आठ सय रुपैया मात्र) कबुल गरेकोमा बुलेट कन्स्ट्रक्सन प्रा.लि.को धरौटी रकम कमी भएको र पछि रकम जम्मा गरी निवेदन दिएकोम गाउँपालिकालाई राजश्व रकम बढी आउने हुँदा घटी भएको धरौटी रकमलाई सामांन्य त्रुटी मानी सबैभन्दा बढी रकम कबोल गर्ने बुलेट कन्स्ट्रक्सनसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भाग लिना दमौलीमा गएका खेलाडी र व्यवस्थापकको लागि खाना, खाजा तथा होटल बास, यातायात लगायतमा भएको खर्चमा नपुग भएको रु. ७५,०००/- (अक्षरुपी पचहत्तर हजार रुपैया) बजेट सि.नं. ९८ आधारभूत तहा (१-८) उत्कृष्ठ विद्यालय प्रोत्साहन कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** तपसिल अनुसारका व्यक्तिहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) श्याम श्रेष्ठ (देवघाट – ५) घरमा आगलागी विपद रु. १०,०००/-

ख) नर बहादुर थापा (देवघाट – ४) बाढीबाट घर क्षति विपद रु. १५,०००/-

रमेश सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ग) सुक बहादुर गुरुङ (देवघाट – ५) कलेजो बिरामी रु. ५,०००/-
घ) तुलसी रानाभाट (देवघाट – २) क्यान्सर बिरामी रु. १०,०००/-

**निर्णय नं. ८:** देवघाट – ५ नारान थापा मगरको नाममा दर्ता भएको एन एण्ड आई निर्मला सेवा एण्ड सप्लायर्सलाई "घ" वर्ग निर्माण व्यवसायी इजाजत-पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** देवघाट ५ क्यूदीको मन्दिर नजिक८ आना जग्गामा देवघाट जेसिजलाई सार्वजनिक भवन बनाउन दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** वडा नं. ५ कालीमाटी तल्लो सिंचाई डिप बोरिङ्ग आयोजनालाई गेट भल्ब र पाइपको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैया) चालु भैपरीबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने रबिना अविसाले इष्टिमेटमा तोकिएको १६ देखि १८ एम.एम. मार्बल बजारमा उपलब्ध हुन नसकेकोले १२ देखि १४ एम.एम. मोटाइको मार्बल राख्नको लागि अनुमती पाउँ भनि निवेदन दिएको जानकारी भयो । सो सम्बन्धमा बजारमा बुझी प्रतिवेदन पेश गर्नको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क) उपाध्यक्ष श्री भुवन सिं गुरुङ - संयोजक
ख) ५ नं. वडा अध्यक्ष श्री पुर्ण बहादुर कुँवर - सदस्य
ग) १ नं. वडा अध्यक्ष श्री मनिराज गुरुङ - सदस्य
घ) का.पा. सदस्य श्री बाबुराम परियार - सदस्य
ङ) गाउँ सभा सदस्य श्री सरस्वती परियार - सदस्य

**निर्णय नं. १२:** गाउँपालिकामा ग १ झ ३१८ नम्बरको एक मात्र गाडी भएको उक्त गाडी कार्यालयको काम काजमा गाउँपालिका बाहिर जानुपर्ने, कार्यालयको सामान ओसार-पसारमा पनि प्रयोग गर्नुपर्ने भएकोले अध्यक्षको लागि थप एक गाडी अति आवश्यक भएकोले एक हलुका सवारी साधन भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. १३:** मिति २०७९/०९/२९ को कार्यपालिका वैठकको निर्णय नं. १५ अनुसार गठन भएको समितिको म्याद थप गरी २०७९ चैत्र १५ गते सम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई यस गाउँपालिकामा पनि प्रभावकारी बनाउन गत तथा चालु वर्षमा पनि कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकहरुको आगामी आ.व. २०८०/०८१ को ६ महिना बराबरको पारिश्रमिक रकम यस गाउँपालिकाबाट साझेदारी स्वरुप व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** सुन्तला पकेट कार्यक्रमको रकम वडा नं. २ नरममा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** वडा नं. ५ बसन्तपुर नाली व्यवस्थापन आयोजना सञ्चालनको क्रममा खानेपानी आयोजनाको घर भत्किन गई क्षति हुने हुँदा उक्त घर मर्मत गर्न थप रु. १,००,०००/- (एक लाख रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७:** जिल्ला मालपोत कार्यालय तनहुँलाई स्टिल र्याकहरु कार्यको लागि रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैया) नगद अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८:** मिति २०७९/११/२७ गते प्रज्ञा प्रतिष्ठान नेपाल र सहित गंगालाल हृदय केन्द्रबाट यस गाउँपालिकामा सञ्चालन गरिएको निशुल्क मुटु रोग परीक्षण शिविर राख्नको लागि चिकित्सक सहितको टोलीको खाना, बास खर्च स्वरुप रु. ३४,०००/- (चौंतिस हजार रुपैया) होटल भिस्टा चितवन प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

सुवेदी
प्रमुख प्रशासकीय अधिकृत